संघीय संसद

प्रतिनिधि सभा

## उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८१/४/११, बैठक संख्या: ३८

**छलफल/निर्णय**

१. समितिको आजको बैठकमा विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा नेपाल उद्योग परिसंघका प्रतिनिधि तथा विधेयक मस्यौदामा संलग्न मन्त्रालयका कर्मचारीहरूसँग छलफल गरियो। उद्योग परिसंघका प्रतिनिधिहरूका तर्फबाट विधेयकमा गर्नुपर्ने आवश्यक संशोधनका बारेमा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट विधेयकको मस्यौदाको मुलभुत विषयहरू प्रस्तुतीकरण भयो।

२. समितिको बैठकबाट देहाय बमोजिमको शोक प्रस्ताव पारित गर्ने:

**शोक प्रस्ताव**

"यही २०८१ असार २८ गते भएको सिमलताल बस दुर्घटना र २०८१ साउन ९ गते भएको सौर्य एरलायइन्सको बिमान दुर्घटनाका घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै र उक्त दुर्घटनामा ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिहरू प्रति समितिको तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ।"

३. समितिको अर्को बैठक सूचना जारी भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।

(रामकुमार पौडेल)
समिति सचिव

(मा. अब्दुल खांन)
सभापति